धनकौल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धनकौल,सर्लाही

मधेश प्रदेश, नेपाल

प.सं. २०८३/०८४

च.नं.

सूचना ! सूचना !! सूचना !!!

मिति :- २०८३।०६।२२

विषयः विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा।

श्री सामुदायिक तथा धार्मिक विद्यालय (सबै),

धनकौल गाउँपालिका

सर्लाही।

उपर्युक्त विषयमा यस धनकौल गाउँपालिका अन्तर्गतका सामुदायिक तथा धार्मिक विद्यालयहरूको विद्यालय व्यवस्थापन समितिको गठन हुन बाँकी रहेका वा प्रचलित कानून बमोजिम म्याद समाप्त भएका सबै विद्यालयहरूले अनिवार्य रूपमा मिति २०८३/०७/२० गतेभित्र शिक्षा ऐन, २०२८ (संशोधन सहित) को दफा १२ तथा शिक्षा नियमावली, २०५९ (दशौं संशोधन) बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गर्नु हुन अनुरोध छ।

साथै वि.व्य.स. गठन भई सकेका विद्यालयहरूले उक्त समिति गठन भएको निर्णयको प्रतिलिपि शिक्षा शाखामा अनिवार्य रूपमा उपलब्ध गराई दिनु हुन अनुरोध छ। नियमानुसार विद्यालय व्यवस्थापन समिति गठन नगरेका विद्यालयहरूलाई यस कार्यालयले प्रदान गर्ने सशर्त अनुदान लगायतका सेवा सुविधाहरू उपलब्ध गराउन बाध्य हुने छैन र सोको जिम्मेवार विद्यालय/प्रधानाध्यापक नै हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

..............................

(शिक्षा अधिकृत)

बोधार्थ :

१. श्री वडा कार्यालयहरू (सबै), धनकौल गाउँपालिका : आवश्यक सहयोग र सहजीकरण गरी दिनु हुन।

२. श्री सूचना प्रविधि शाखा, धनकौल गाउँपालिका : वेबसाइटमा यो सूचना अपलोड गरि दिनु हुन।